प्रशासकीय अदालत

**इजलास**

श्री डिल्लीराज घिमिरे ......... अध्यक्ष

श्री रीता मैनाली ..................सदस्य

श्री कृष्णप्रसाद पौडेल.............सदस्य

<u>फैसला</u>

सम्वत् २०७४ सालको पु.वे.नं. ००२

मुद्दा : विभागीय सजाय ।

बैतडी जिल्ला दशरथ चन्द नगरपालिका, वडा नं.३ घर भै जिल्ला बन कार्यालय, बैतडीको तत्कालीन बन रक्षक वलदेव पाण्डेय.......................................................................१ पुनरावेदक

विरुद्ध

श्री लोक सेवा आयोग केन्द्रीय कार्यालय अनामनगर, काठमाडौं ..........................................१
श्री जिल्ला वन कार्यालय, बैतडी ..............................................................................१ विपक्ष
श्री जिल्ला वन अधिकृत, जिल्ला वन कार्यालय, बैतडी .....................................................१

निजामती सेवा ऐन, २०४९ को दफा ६९ को उपदफा (१) तथा प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ६ बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र निर्णय यस प्रकार छ:

मिति २०६४।११।१५ देखि विना सुचना अनुपस्थित रहेकोमा कर्तव्य ज्यान मुद्दामा थुनामा रही जिल्ला अदालत, बैतडीवाट मिति २०६५।११।२८ मा भएको फैसला अनुसार तपाईलाई ज्यान सम्बन्धी महलको १ नं. को कसूर अपराधमा सोही महलको १३(४)नं. बमोजिम जन्म कैदको सजाय तोकिएकोले तपाईलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९(ख) र ऐ. ऐनको दफा ६१(२)(क) बमोजिम नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको हुँदा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त किन नगर्ने ? यो पत्र पाएको मितिले २४ घण्टा भित्र सन्तोषजनक कारण सहितको स्पष्टीकरण पेश गर्नु भन्ने समेत व्यहोराको मिति २०६६।३।१२ मा जिल्ला वन कार्यालय, 'वैतडीले पुनरावेदकलाई स्पष्टीकरण पेश गर्ने सम्बन्धमा लेखेको पत्र ।

यस कार्यालयका वन रक्षक बलदेव पाण्डेय मिति २०६४।११।१५ मा कर्तव्य ज्यान मुद्दामा परी मिति २०६५।११।२८ मा जिल्ला अदालत, बैतडीबाट ज्यान सम्बन्धी महलको १ नं.को कसूर अपराधमा सोही महलको १३(४) नं. बमोजिम जन्म कैदको सजाय तोकिएकोमा सो माथि निजले पुनरावेदन अदालत कन्चनपुरमा गरेको पुनरावेदनको फैसलामा पनि निजले मुद्दा हारेको र पुनः निजले सर्वोच्च अदालतमा पुनरावेदन गरेको भन्ने निजको घर परिवारबाट मौखिक जानकारी मात्र प्राप्त हुन आएको र पुनरावेदन सम्बन्धी मुद्दाको सम्बन्धमा पुनरावेदन अदालत, कन्चनपुरलाई फोन गरी बुझ्दा सोको फैसलाको जानकारी निजलाई नै दिइने भएको हुँदा हाल फैसला भएको मिसिल राख्ने व्यक्ति २, ३ दिन पछि मात्र कार्यालयमा हाजिर हुने भएकोले बाँकी जानकारी केही दिन पछि मात्र दिन सकिने भनी पुनरावेदन अदालत कञ्चनपुरले पठाएको पत्र ।

मिति २०६९।४।९ मा जिल्ला वन कार्यालय, बैतडीले वन विभागलाई वन रक्षक बलदेव पाण्डेले ज्यान सम्बन्धी महलको १ नं. विपरित कार्य गरेकोले ऐ.१३(४) बमोजिम जन्म कैदको सजाय हुने फैसला भएकोले निज उपर विभागीय कारवाहीको लागि परामर्श माग गरी लोक सेवा आयोगलाई पठाएको पत्र ।

सर्वोच्च अदालतको फैसला अनुसारको सवुत प्रमाणबाट निज बलदेव पाण्डेयले निजामती सेवा ऐन, २०४९ को दफा ६१(क) को उपदफा (२) को खण्ड (क) बमोजिमको कसूर गरेको देखिएकोले निज बलदेव पाण्डेय उपर सोही ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (२) बमोजिम भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने सजाय प्रस्तावित गरी सो सजाय गर्नका निमित्त लोक सेवा आयोगबाट परामर्श प्राप्त भए अनुरुप निज बलदेव पाण्डेयलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ (क) को उपदफा (२) को खण्ड (क) बमोजिम भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी मिति ०६४।११।१५ देखि लागू हुने गरी अवकाश दिइएको छ भन्ने समेत व्यहोराको मिति २०७०।१।२५ को जिल्ला वन कार्यालय, बैतडीको सजाय आदेशको निर्णय ।

मिति २०७०।१।२५ को निर्णयानुसार तपाईले निजामती सेवा ऐन, २०४९ को दफा ६१(क) को उपदफा (२) को खण्ड (क) बमोजिमको कसूर गरेको देखिएकोले सोही ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (२) बमोजिम भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी मिति ०६४।११।१५ देखि लागू हुने गरी सेवाबाट बर्खास्त गर्ने सजाय दिइएको छ।यो आदेशमा चित्त नबुझेमा निजामती सेवा नियमावली, २०५० को नियम ११४ को खण्ड (घ) को म्यादभित्र प्रशासकीय अदालतमा पुनरावेदन गर्न सकिनेछ भन्ने समेत व्यहोराको मिति २०७०।१।३० मा जिल्ला वन कार्यालय, बैतडीले निज पुनरावेदकलाई दिएको जानकारी सहितको अवकासपत्र।

म पुनरावेदकलाई तहतह अदालतबाट मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १३(४) नं बमोजिम जन्म कैदको सजाय भएको भएपनि अदालतबाट भएको फैसलामा मैले नैतिक पतन देखिने फौजदारी कार्य गरेको भनी उल्लेख भएको छैन। निजामती सेवा ऐन, २०४९ वा अन्य कुनै पनि प्रचलित कानूनमा यो यस्तो मुद्दा वा अभियोगलाई नैतिक पतन देखिने फौजदारी अभियोग मान्नु पर्ने भन्ने उल्लेख भएको पाइन्न।मलाई विभागीय सजाय दिने अधिकारीले कुनै पनि स्पष्टीकरण नै सोधेको अवस्था नै नभएकोले केवल ज्यान मुद्दामा सजाय पाएको भन्ने सम्म उल्लेख गरी मलाई सेवाबाट बर्खास्त गर्ने गरी भएको निर्णय आदेश स्वतः नै बदरभागी छ।न्यायिक वा अर्धन्यायिक निकाय वा अधिकारीबाट गरिने निर्णय पूर्ण रुपले आधारयुक्त तथा वस्तुगत हुनु पर्दछ।आत्मगत आधारमा कुनै पनि निर्णय हुन सक्दैन।मलाई सजाय गर्ने निर्णय पर्चामा मेरो के कुन कार्य के कसरी र कुन आधारमा नैतिक पतन देखिने फौजदारी अभियोग अन्तर्गत पर्दछ भन्ने कुनै व्याख्या, विश्लेषण नै गरेको

पाइन्न । यस अवस्थामा निर्णयकर्ता स्वयंले नैतिक पतन भनी देखाउन एवं प्रमाणित गर्न नसकेको अवस्थामा मलाई नोकरीबाट बर्खास्त गर्ने गरी भएको विभागीय सजाय ने.का.प.२०६७, अंक १०, पृष्ट १७१७ मा प्रतिपादित कानूनी सिद्धान्त प्रतिकूल भएकोले समेत विपक्षीबाट भएको निर्णय बदरभागी छ । मलाई ज्यान मुद्दामा ज्यान सम्बन्धी महलको १३(४) नं बमोजिम कैदको सजाय गर्ने गरी फैसला भएपनि मलाई अभियोग दायर गर्ने नेपाल सरकारबाटै कैद माफी दिई कैदमुक्त गरेको अवस्था छ। एकातर्फ नैतिक पतन देखिने फौजदारी अभियोग लागेको अवस्था रहेको छैन भने अर्कोतर्फ अभियोग दायर गर्ने बादीले नै कैद माफी दिएको अवस्था समेत भएकोले विपक्षीबाट मलाई बर्खास्त गर्ने गरी भएको निर्णय स्वतः नै बदरभागी छ। विपक्षी जिल्ला वन अधिकृतबाट मलाई सेवाबाट बर्खास्त गर्ने गरी २०७० सालमा निर्णय गरेको भएपनि मिति २०६४।११।१५ देखि नै लागू हुने गरी भन्ने उल्लेख भएको पाइन्छ। विपक्षी जिल्ला वन अधिकृतबाट भएको सम्पूर्ण निर्णय नै गैरकानूनी छ। त्यसमा पनि निर्णय गर्नु भन्दा अघिको मिति अर्थात करिब ७ बर्ष अघि देखि लागू हुने गरी भूतलक्षी असर हुने गरी निर्णय गर्न कदापी पनि नमिल्ने भएकोले सो आधारमा समेत मलाई सेवाबाट बर्खास्त गर्ने गरी भएको निर्णय स्वतः नै बदरभागी छ। मलाई सेवाबाट बर्खास्त गर्ने गरी गरेको निर्णयको जानकारी मैले मिति २०७३।१२।०६ मा नक्कल सारी थाहा पाएको हुँ। अतएवं म पुनरावेदकलाई भविष्यमा सरकारी सेवाका निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने गरी विपक्षी जिल्ला वन कार्यालय बैतडीका जिल्ला वन अधिकृतबाट भएको निर्णय कानूनी रुपले त्रुटिपूर्ण तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त समेतको प्रतिकूल हुँदा मलाई सेवाबाट बर्खास्त गर्ने गरी भएको निर्णय बदर गरी सेवामा पुनर्बहाली गरी पुनर्बहाली हुँदाका मिति सम्मको तलब भत्ता, तलब वृद्धि, चाडपर्व खर्च समेत दिलाई पाऊँ भन्ने समेत व्यहोराको पुनरावेदकले मिति २०७४।०१।१९ मा यस अदालतमा दायर गरेको पुनरावेदनपत्र ।

यसमा, निजामती सेवा ऐन, २०४९ को दफा ६६ र ६७ बमोजिम सफाई पेश गर्न स्पष्टीकरणको मौका दिनुपर्नेमा सजाय गर्नु पूर्व स्पष्टीकरणको मौका नै नदिई सेवाबाट बर्खास्त गर्ने गरी गरिएको विभागीय सजायको निर्णय त्रुटिपूर्ण भएको, त्यसमा पनि नैतिक पतन हुने फौजदारी कसूरमा सजाय पाएको भनी नोकरीबाट बर्खास्त गर्ने निर्णय सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (ने.का.प.२०६७, अङ्क १०, पृष्ट १७१७) प्रतिकूल भएको भन्ने पुनरावेदकको जिकिर विचारणीय भएकोले मुलुकी देवानी कार्यविधि(संहिता) ऐन, २०७४ को दफा २१३ को उपदफा (३) बमोजिम विपक्षीलाई महान्यायाधिवक्ताको कार्यालय मार्फत सूचना दिई नियमानुसार पेश गर्नु भन्ने समेत व्यहोराको मिति २०७५।५।२१ मा यस अदालतबाट भएको आदेश ।

नियम बमोजिम दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताहरु श्री वल्लभ बस्नेत, श्री सपना सुवेदी, श्री मुना दाहाल र श्री स्निग्धा भट्टले पुनरावेदकलाई विभागीय सजाय गर्दा स्पष्टीकरणको पर्याप्त मौका समेत नदिई प्राकृतिक न्यायको सिद्धान्त विपरित हुने गरी एवं अख्तियारवालाले स्पष्टीकरण सोध्नु पर्नेमा निमित्त कार्यालय प्रमुखले सोधेको स्पष्टीकरणको आधारमा गरिएको विभागीय सजायको निर्णय कानूनसम्मत नभएको, कर्तव्य ज्यान नैतिक पतन देखिने फौजदारी कसूर हो भनी कुनै पनि प्रचलित कानूनमा स्पष्ट व्यवस्था नरहे, नभएको, पुनरावेदकलाई कर्तव्य ज्यान मुद्दामा कसूरदार ठहराएको सर्वोच्च अदालतको फैसलामा समेत निजले नैतिक पतन देखिने फौजदारी कसूर गरेको भनी उल्लेख नभएको अवस्थामा निर्णयकर्ताले पुनरावेदकलाई सजाय गर्दा लगाएको अभियोग के कसरी नैतिक पतन देखिने कार्य हो भनी निर्णय आदेशमा कुनै व्याख्या र विवेचना नै नगरी नैतिक पतन देखिने फौजदारी

कसूर गरेको अभियोगमा पुनरावेदकलाई सेवाबाट बर्खास्त गर्ने गरी गरेको निर्णय बदरभागी भएको तथा विभागीय सजायको निर्णय गर्दा भूतलक्षी असर पर्ने गरी निर्णय भएकोले सो निर्णय कानून तथा न्यायका मान्य सिद्धान्त प्रतिकूल भएकोले विपक्षी जिल्ला वन अधिकृतबाट पुनरावेदकलाई मिति २०७०।१।२५ मा गरेको विभागीय सजायको निर्णय बदर हुनुपर्छ भनी गर्नु भएको बहस र विपक्षीका तर्फबाट उपस्थित हुनु भएका विद्वान सहायक न्यायाधिवक्ता श्री ठाकुर प्रसाद बस्ताकोटीले पुनरावेदकले दश वर्ष भन्दा बढी कैद सजाय हुने कसूर गरेको ठहर भएको अवस्थामा निजले गम्भीर कसूर गरेको एवं निजको आचरण निजामती कर्मचारीको आचरण अनुकूल नभएकोले पुनरावेदकलाई दिइएको विभागीय सजायको निर्णय कानून सम्मत नै भएकोले अख्तियारप्राप्त अधिकारीले कानूनको रित पुर्‍याई गरेको सो निर्णय सदर हुनुपर्छ भनी गर्नु भएको बहस समेत सुनी मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा प्रस्तुत पुनरावेदन पत्र निजामती सेवा नियमावली, २०५० को नियम ११४ (घ) बमोजिमको म्यादभित्र दर्ता हुन आएको हो वा होइन ? तथा पुनरावेदनपत्रमा माग गरे बमोजिम पुनरावेदक उपर भएको विभागीय सजायको निर्णय बदर हुनुपर्ने हो वा होइन ? भन्ने प्रश्नमा नै निर्णय गर्नुपर्ने देखिन आयो ।

जिल्ला अदालत, बैतडीबाट मिति २०६५।११।२८ मा पुनरावेदकलाई कर्तव्य ज्यान मुद्दामा जन्म कैदको सजाय हुने ठहर गरी फैसला भएको आधारमा निजले निजामती सेवा ऐन, २०४९ को दफा ६१(२क) मा उल्लिखित नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको भन्ने कसूरमा सो ऐनको दफा ५९(ख)(२) बमोजिम भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने गरी जिल्ला वन कार्यालय, बैतडीका जिल्ला वन अधिकृतले मिति २०७०।१।२५ मा निर्णय गरेको देखियो। पुनरावेदक मिति २०६४।११।१५ मा कर्तव्य ज्यान मुद्दामा थुनामा परी मिति २०७३।२।१५ मा कैदमुक्त भएको मिसिल संलग्न कागजातबाट खुल्न आउँछ। पुनरावेदक उपर कुनै किसिमको विभागीय सजाय भएको सम्बन्धमा जानकारी नभएकोले कैद मुक्त भएपछि कार्यालयमा हाजिर हुन गएकोमा पटक पटक पछि आउनु भन्दै लामो समयसम्म हाजिर नगराई राख्नुको कारण मिति २०७०।१।२५ मा नै सेवाबाट बर्खास्त गर्ने गरी भएको निर्णय रहेछ भन्ने कुरा मिति २०७३।१२।०६ मा सो निर्णयको नक्कल प्राप्त गरी सो मितिमा मात्र जानकारी भएकोले निजामती सेवा नियमावली, २०५० को नियम ११४(घ) को म्यादभित्रै यस अदालतमा पुनरावेदन गर्न आएको भन्ने व्यहोरा उल्लेख गर्दै अख्तियारप्राप्त अधिकारी बाहेकका व्यक्तिबाट सोधिएको स्पष्टीकरणका आधारमा विभागीय सजायको निर्णय गरिएको, निर्णयकर्ताले निर्णयमा पुनरावेदकले कर्तव्य ज्यान कसूरमा कैदको सजाय पाउने ठहर भएकोमा सो कसूर कुन आधार र कारणबाट नैतिक पतन देखिने फौजदारी कसूर हो भन्ने कुराको व्याख्या र विवेचना नै नगरी निर्णय गरेको, सफाईको पर्याप्त मौका नै नदिई प्राकृतिक न्यायका सिद्धान्त समेतको उल्लङ्घन एवं भूतलक्षी असर हुने गरी निर्णय गरेकोले सो निर्णय कानून र न्यायका मान्य सिद्धान्त विपरित भएकोले उक्त निर्णय बदर गरी सेवामा पुनर्बहाली हुन पाउँ भन्ने मुख्य जिकिर लिई पुनरावेदकले मिति २०७४।१।१९ मा यस अदालतमा पुनरावेदन दायर गरेको देखिन्छ।

प्रस्तुत मुद्दाको विषयमा हदम्याद र म्याद सम्बन्धी सिद्धान्तको रोहमा प्रथमतः विवेचना गर्नुपर्ने देखिन आयो। म्याद भन्नाले कुनै कामको लागि सम्बन्धित निकायमा प्रवेश गर्न पाउने कानूनले तोकेको समय हो। कानूनले यस्तो समयको निर्धारण व्यक्तिले सम्बन्धित निकायमा आउन गर्नुपर्ने तयारीमा लाग्ने समय, आउँदा लाग्ने समय व्यक्तिको दैनिक समयावधिको समेत अनुमान तथा विचार गरी निर्धारण गरि दिएको हुन्छ। कुनै पनि व्यक्ति सम्बन्धित कामको लागि सम्बन्धित निकायमा प्रवेश गर्न सहजै व्यवस्थापन गरी आउन सकोस र अत्यधिक विलम्ब गरी कार्य नै प्रभावित हुने गरी पनि

नआओस् भन्ने उद्देश्यले म्यादको व्यवस्था गरिएको हुने भनी *रुबिना(विना)सिंह डंगोल को मुद्दा (ने.का.प २०७४,अङ्क ७, नि.नं.९८४२)* मा सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको छ। त्यस्तै, कानूनमा नै हदम्यादको सम्बन्धमा स्पष्ट व्यवस्था गरेको अवस्थामा उक्त हदम्याद नघाई वर्षौं पछि दिएको उजुरीले मान्यता पाउन नसक्ने *(मन्जु देवी गुप्ता विरुद्ध पुनरावेदन अदालत राजविराज, ने.का.प. २०७४, अंक १, नि.नं. ९७४९)* भन्ने स्थापित सिद्धान्त रहेको छ। साथै, कुनै पनि मुद्दाको निर्णय उपर पुनरावेदन गर्न कानूनले निश्चित म्याद तोकेको हुने हुँदा सो म्यादभित्र पुनरावेदन गर्नुपर्ने सम्बन्धित पक्षको कानूनी दायित्व पनि हो। कानूनले केवल त्यस्तो व्यक्तिको हकको रक्षा गर्न सक्छ, जो आफ्नो हक प्रति सचेत रही सो उपभोग गर्न प्रयत्नशील रहन्छ। आफ्नो हक प्रति बेवास्ता गर्नेलाई कानूनले सहयोग गर्न सक्दैन भन्ने सिद्धान्त *(स.अ.बुलेटिन, वर्ष २६, अङ्क २१, पृष्ठाङ्क ३७८)* पनि प्रतिपादन भएको पाइन्छ। म्याद कानूनले तोकेको समय सीमा हो। यो अनन्तकालसम्म रहँदैन। यदि रहने हो भने विवादको अन्त्य पनि हुँदैन। त्यसैले आफू विरुद्ध भएको कारवाही अवगत भईसक्दा पनि उपचार खोज्न नलागी म्याद गुजारी बसेकोलाई पुनरावेदकले अन्यथा प्रमाणित गर्न सकेको देखिएन। यस अवस्थामा आदेशमा चित्त नबुझ्ने पक्षले कानूनले तोकेको अवधि भित्र पुनरावेदन गर्नुपर्छ अन्यथा सो आदेश नै अन्तिम हुन्छ। यसरी अन्तिम भएर बसेको आदेश विरुद्ध कानूनले तोकेको म्याद नाघी वर्षौं पछि उजुरी दिइन्छ भने सो हदम्यादको सिद्धान्तको प्रतिकूल त हुन्छ नै फैसलाको अन्तिमता (Finality of decision) को सिद्धान्तको पनि प्रतिकूल हुन पुग्ने भन्ने सम्मानित सर्वोच्च अदालतको व्याख्या *(मञ्जुदेवी गुप्ता विरुद्ध पुनरावेदन अदालत,राजविराज, नेकाप २०७४,अङ्क १, नि.नं.९७४९)* मार्फत सिद्धान्त स्थापित भएको पाइन्छ। त्यसैगरी कानूनको म्यादभित्र दायर नभएको पुनरावेदनमा सो पुनरावेदनको विषयवस्तुमा प्रवेश गरी निर्णय गर्नु नपर्ने कानून र न्यायको मान्य सिद्धान्त रहेको छ भन्ने कुरा यस अदालतबाट *(लक्ष्मीकान्त कर्ण विरुद्ध जिल्ला विकास समिति बाराका स्थानीय विकास अधिकारी,* प्रशासकीय अदालत बुलेटिन अङ्क १७, २०७१, पृ. ३४९-५०) स्थापित भइसकेको छ ।

हदम्याद र म्याद सम्बन्धी उल्लिखित सिद्धान्तको पृष्ठभूमिमा प्रस्तुत मुद्दाको मिसिल कागजात अध्ययन गरी हेर्दा, मिति २०७०।१।३० मा जिल्ला वन कार्यालय, बैतडीले पुनरावेदकले कैद सजाय भोगिरहेको कारागार कार्यालय, डोटीमा उक्त विभागीय सजायको जानकारीपत्र पठाएको पाइयो। उक्त पत्रलाई आधार मानी पुनरावेदकले मिति २०७०।१०।२७ मा कारागार कार्यालय डोटी मार्फत जिल्ला वन कार्यालय, बैतडीमा आफूले मिति २०७०।१।३० मा नै अवकाश पाइसकेकोमा आफूले पाउनु पर्ने आर्थिक सुविधा पाउँ भनी निवेदन दिएको र मिति २०७१।२।७ मा पनि सोही व्यहोराको निवेदन दिएको देखिन्छ। साथै,कैदमुक्त भई सकेपछि पुनरावेदकले मिति २०७३।४।२६ मा जिल्ला वन कार्यालयमा आफू विरुद्ध कारवाहीको सिलसिलामा "मिति २०६४।११।१५ देखि लागू हुने गरी जिल्ला वन कार्यालयबाट मिति २०७०।१।३० का दिन अवकाशपत्र प्राप्त भएको हुँदा" भन्ने समेतको व्यहोरा उल्लेख गरी दिएको निवेदनका सम्बन्धमा जिल्ला वन कार्यालय, बैतडीले निजामती सेवा ऐन, २०४९ को दफा ६१(२) बमोजिम भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरेको देखिएकोले यस्तो अवस्थामा निजामती सेवा ऐन, २०४९ को दफा ४०(क) तथा ७१(ख) बमोजिम बीमा रकम र कर्मचारी संचय कोषको रकम बाहेक अन्य कुनै सुविधा उपलब्ध हुन नसक्ने भनी मिति २०७३।७।८ को पत्रबाट निजलाई जानकारी गराएको देखिन्छ ।

पुनरावेदकले जिल्ला वन कार्यालयमा पेश गरेका उल्लिखित विभिन्न मितिका निवेदनमा उल्लेख गरेको व्यहोराबाट निजले मिति २०७३।१२।०६ भन्दा अघि नै विभागीय सजायको निर्णयको

जानकारी पाइसकेको देखिन आयो। यस सन्दर्भमा, पुनरावेदकले कारागार कार्यालय, डोटी मार्फत आफूले अवकाश पाएकोले कानून बमोजिम पाउने सुविधाको लागि जिल्ला वन कार्यालयमा पहिलो निवेदन दिएको मिति २०७०।१०।२७ मा नै निजलाई उक्त विभागीय सजायको जानकारी भएको देखिन्छ। पुनरावेदक विरुद्धको विभागीय सजायको निर्णयको जानकारी मिति २०७०।१०।२७ मा नै थाहा पाइसकेको सन्दर्भमा, पुनरावेदकले विभागीय सजाय भएको सम्बन्धमा जानकारी नभएको भनि कैदमुक्त भएपछि कार्यालयमा हाजिर हुन आउँदा पटक पटक पछि आउनु भन्दै लामो समयसम्म हाजिर नगराएको र २०७३।१२।०६ मा मात्रै निर्णयको नक्कल प्राप्त गरी थाहा पाएको भन्ने पुनरावेदकको दावी मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टी हुन आएन। पुनरावेदकले मिति २०७३।१२।०६ मा मात्रै निर्णयको नक्कल प्राप्त गरेको भन्ने आधारमा पुनरावेदन दिएको देखिंदा सेवाबाट बर्खास्त गर्ने निर्णय भइसकेको छ भन्ने कुराको जानकारी निजलाई मिति २०७०।१०।२७ मा नै भइसकेको थियो भनि मान्नु पर्ने देखियो।

आफ्नो अधिकार हनन भएकोमा उपचारको माग गर्नेले आफ्नो कुरा सबै देखाई आउनुपर्छ । तथ्य लुकाई आउनेलाई अदालतले मद्दत गर्न सक्दैन भन्ने सिद्धान्त (*कुमाले अछामे सार्की* विरुद्ध मध्यमाञ्चल क्षेत्रीय अदालत, काठमाडौं, ने.का.प. २०४४, अङ्क २, नि.नं.२९९५, पृष्ट १६०) का सन्दर्भमा हेर्दा, यी पुनरावेदकले जिल्ला वन कार्यालयमा कारागार कार्यालय डोटी मार्फत दिएको मिति २०७०।१०।२७ र २०७१।२।७ को निवेदन एवं आफू कैदमुक्त भई सकेपछि दिएको मिति २०७३।४।२६ को निवेदनको कुनै पनि सन्दर्भ र व्यहोरा पुनरावेदनपत्रमा उल्लेख गरेको देखिंदैन। यसबाट निजले विभागीय सजायको निर्णयको जानकारी पहिले नै पाइसकेको तथ्य लुकाई यस अदालतमा पुनरावेदनपत्र दायर गरेको अवस्था देखिन आयो। यस तथ्यलाई लुकाई आफू कारागारबाट मिति २०७३।२।१५मा कैदमुक्त भई छुटे पश्चात पनि निकै लामो समयपछि मिति २०७४।१।१९ मा मात्र पुनरावेदन गर्न आएको देखिन्छ।

अब, पुनरावेदकले विभागीय सजायको निर्णयको जानकारी पाएको देखिएको मिति २०७०।१०।२७ बाट पुनरावेदन दायर गर्ने म्यादभित्र प्रस्तुत पुनरावेदनपत्र दायर भएको छ, छैन भनी हेर्दा निजामती सेवा नियमावली, २०५० को नियम ११४(घ) मा निजामती कर्मचारीले ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम आफूलाई दिएको विभागीय सजाय विरुद्ध पुनरावेदन दिनु परेमा सजायको आदेश पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन दिनुपर्नेछ। तर पुनरावेदनको म्याद नघाई पुनरावेदन गर्ने व्यक्तिले पर्याप्त कारण देखाई निवेदन दिएमा पुनरावेदन सुन्ने अधिकारीले मनासिब ठहराएमा दुई महिनासम्म परेको पुनरावेदनलाई दर्ता गर्न सक्नेछ भन्ने र तत्काल बहाल रहेको प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ६(१) मा निजामती सेवा ऐन, २०४९ बमोजिम विभागीय सजाय दिने अधिकारीले भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी वा अयोग्य ठहरिने गरी सेवाबाट अवकाश दिएको विभागीय सजायको आदेश सुनी पाएको वा त्यसको सूचना तामेल भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले अदालतमा पुनरावेदन दिन सक्नेछ। तर सम्बन्धित पक्षको काबू बाहिरको परिस्थितिले गर्दा म्याद गुज्रिएकोमा बढीमा तीस दिनसम्मको म्याद थामिन सक्नेछ भन्ने समेतको व्यवस्था गरिएको देखिन्छ।

अतः पुनरावेदकलाई सेवाबाट बर्खास्त गरेको निर्णयको जानकारी मिति २०७०।१०।२७ मा भइसकेको देखिएको अवस्थामा सो मितिबाट पैंतीस दिनभित्र पुनरावेदन दिनु पर्ने र पर्याप्त कारण देखाई सो म्याद नघाइ पुनरावेदन परेमा दुई महिनासम्म परेको पुनरावेदन दर्ता गर्न सकिने कानूनी व्यवस्था रहेको देखिंदा पहिले नै निर्णयको जानकारी पाएको तथ्य लुकाई मिति २०७३।१२।०६ मा

मात्रै सो निर्णयको जानकारी भएको भनी मिति २०७४।१।१९ मा परेको पुनरावेदनपत्र निजामती सेवा नियमावली, २०५० को नियम ११४ (घ) एवं तत्काल बहाल रहेको प्रशासकीय अदालत नियमावली, २०५१ को नियम ६(१) बमोजिमको म्यादभित्र दर्ता हुन आएको नदेखिंदा प्रस्तुत मुद्दाको विषयवस्तु (Merits) भित्र प्रवेश गरी निर्णय गर्नुपर्ने देखिएन। प्रस्तुत पुनरावेदनपत्र कानूनको म्यादभित्र दायर भएको नदेखिंदा खारेज हुने ठहर्छ। यो फैसलाको जानकारी पुनरावेदक, विपक्षी तथा विशेष सरकारी वकिलको कार्यालय समेतलाई दिई मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनु ।

(रीता मैनाली)
सदस्य

उक्त रायमा सहमत छौं।

(कृष्ण प्रसाद पौडेल)
सदस्य

(डिल्लीराज घिमिरे)
अध्यक्ष

ईति सम्वत् २०७७ साल भदौ २९ गते रोज २ शुभम् ..................................।